# समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५

| | स्वीकृत मिति |
|---|---|
| समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ | २०७५।७।२९ |
| संशोधन | |
| १. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ | २०७५।९।९ |
| २. समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ | २०७६।५।२२ |

प्रस्तावनाः प्रदेश वा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (५) बमोजिम नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क)@ "योजना आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(क१)* "ऐन" भन्नाले अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले ऐनको दफा १० बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

३. *समपूरक अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमाः (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः–

---

@ दोस्रो संशोधनद्वारा थप ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।



नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौं

(क) कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/कार्यक्रम,

(ख) खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम,

(ग) ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने नमूना आवास आयोजना/कार्यक्रम,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना/कार्यक्रम,

(ङ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(च) प्रदेश विश्व विद्यालय, विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(छ) पर्यटन पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ज) मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(झ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ञ) स्थानीय, ग्रामीण वा कृषि सडक, जल मार्ग, सहरी सडक वा प्रदेश लोकमार्गसँग सम्बन्धित सडक योजना,

(ट) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित अन्य आवश्यक पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ठ) स्थानीय तहको कार्यालय र वडा कार्यालय रहने भवन निर्माण आयोजना/कार्यक्रम,

(ड) विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम,

(ढ) वन तथा वातावरण संरक्षण सम्बन्धी आयोजना/कार्यक्रम,

(ण) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम।

(२) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनुपर्नेछः-

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्म,

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान पाँच करोड रुपैयाँदेखि पच्चीस करोड रुपैयाँसम्म,



नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौं

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको कुल लागत अनुमान बीस करोड रुपैयाँ देखि एक अर्ब रुपैयाँसम्म ।

(३) उपदफा (२) बमोजिम आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रम, बढीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

४. <u>समपूरक अनुदान माग गर्नेः</u> (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश वा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा नेपाल सरकार वा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र अनुसूची–१ बमोजिमको ढाँचामा *<u>योजना आयोग</u>समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

*तर योजना आयोगले आर्थिक वर्ष २०७६/७७ को हकमा दफा ३ को उपदफा (१) बमोजिम आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्न असोज मसान्तभित्र सूचना जारी गर्नेछ।

@ (२क) उपदफा (२) बमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव सो सूचनामा तोकिएको अवधिभित्र योजना आयोगमा पेश गर्नु पर्नेछ

(३) उपदफा (२) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछः–

(क) आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना/कार्यक्रमको कुल लागत,

(घ) यो आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ङ) आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

@ दोस्रो संशोधनद्वारा थप ।



नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौं